आज मिति २०८१/६/२३ गते सोमबार बिहान ८:३० बजे इलाम नगरपालिकाका प्रमुख श्री केदार थापाज्यूको अध्यक्षतामा निम्न पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको छैठौं बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति:-

प्रमुख श्री केदार थापा

उपप्रमुख श्री बिष्णु कुमारी लिम्बु (दाहाल)

वडाध्यक्ष श्री गायत्रीराम बस्नेत

-,,- श्री गिरिराज रिजाल

-,,- श्री हेम बहादुर थुलुवार

-,,- श्री नुतनदेव ढुङ्गेल

-,,- श्री काजी बहादुर श्रेष्ठ

-,,- श्री दुर्गा श्रेष्ठ

-,,- श्री नरेश सिंह

-,,- श्री दलमान तामाङ

-,,- श्री गोपाल चौहान

-,,- श्री ओमनाथ प्रधान

-,,- श्री टंसरी बाबेण

-,,- श्री लालमान लिम्बु

का.पा.स. श्री डायना राई

-,,- श्री सारिमाया कामिनी

-,,- श्री धनमाया लिम्बु

-,,- श्री कमरी लवाटुन

-,,- श्री बिबि लिम्बु

-,,- श्री विरेन्द्र बहादुर राई

-,,- श्री देवेन्द्र गुरिङ्ग

-,,- श्री दिपक तिवारी

सचिव प्र.प्र.अ. श्री गणेश कुमार खड्का

बैठक व्यवस्थापन कर्मचारी:-

लेखा अधिकृत श्री नारायण ढकाल

प्र.अ. श्री बबल मल्ल राज

अधिकृत छैठौं श्री कमल कु. मनाली

इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

निर्णय नं.१

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सम्वन्धमा छलफल गर्दा मुख्य निर्णयहरुको कार्यान्वयन प्रगति देहाय बमोजिम रहेको पाइयो । बैठकका निर्णयहरु शिघ्र र प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्णय कार्यान्वयन कार्यदल बनाइ कार्य गराउने निर्णय गरियो ।

१. म्याद समाप्त भएका सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति गठन प्रकृया सघीय शिक्षा ऐन र नियमावली बमोजिम अघि बढाइ अधिकाँश विद्यालयमा समिति गठन भइसकेको ।
२. नगर शिक्षा योजना निर्माण समितिलाई जानकारी पत्र उपलब्ध गराई योजना निर्माणको कार्य शुरु भएको ।
३. आगामी नगरसभामा शिक्षक सम्मान तथा नगर शिक्षा पदक वितरणका लागि छनौट समितिबाट कार्य अघि बढाइएको ।
४. इलाम नगरपालिका वडा नं.७ स्थित मोटर साइकल पार्किङ्ग भवनको जमिन तला र पहिलो तला भाडामा लगाउन सूचना जारी भई सम्झौता भैसकेको ।

निर्णय नं. २

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय इलामबाट आ.व.२०८०।०८१ को कार्यसम्पादन सम्वन्धमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि (पहिलो संशोधन) २०७७ मा उल्लेख भएका सूचक अनुसार यस कार्यालयमा भए गरेका बार्षिक कार्य सम्पादनको बारेमा बैठकमा प्रस्तुत भइ छलफल गरियो । सो अनुसार इलाम नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन गर्दा तल उल्लेख भए अनुसारका विषय क्षेत्रमा जम्मा- ९५.७५ अंक प्राप्त भएकोले उल्लेखित नतिजा अनुमोदन गरि नगरपालिकाको वेव पेज तथा सूचना पाटी मार्फत सार्वजनिक गर्ने निर्णय गरियो।

तपसिल :-

| क्र.सं. | विषय क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | शासकिय प्रवन्ध | ९ | ९ | |
| २ | संगठन तथा प्रशासन | ८ | ८ | |
| ३ | बार्षिक वजेट तथा योजना व्यवस्थापन | ११ | ११ | |
| ४ | वित्तिय एवं आर्थिक व्यवस्थापन | ११ | १०.७५ | |
| ५ | सेवा प्रवाह | १६ | १५.५ | |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ७ | |
| ७ | भौतिक पूर्वाधार | १३ | १०.५ | |
| ८ | सामाजिक समावेशीकरण | १० | ९.५ | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ८.५ | |
| १० | सहकार्य र समन्वय | ६ | ६ | |
| जम्मा | | १०० | ९५.७५ | |

CamScanner

## इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

**निर्णय नं. ३**

श्री भगवती माध्यमिक विद्यालय, इलाम न.पा.९, गोलाखर्कको च.नं. ५३ मिति २०८१।०९।०७ को पत्रबाट विद्यालयको नाममा झापा र इलाम जिल्लामा रहेका जग्गाहरुको आम्दानी असुलीमा सहयोग गरिदिन अनुरोध भइ आए बमोजिम सो का लागि सम्बन्धित स्थानीय तहहरु संग समन्वय र सहजिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इलाम नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र छानविन समितिको मिति २०८१।०९।२५ को निर्णय सहितको सिफारिस बमोजिम "घ" वर्गको नयाँ निर्माण व्यवसायीको लागि र नामसारी तथा फर्मको नाम परिवर्तका लागि सिफारिस भएका देहायका निवेदकलाई निर्माण व्यवसाय इजाजत-पत्र उपलब्ध गराउने साथै नामसारी तथा फर्मको नाम परिवर्तन गर्ने निर्णय गरियो ।

**नयाँ निर्माण व्यवसाय इजाजत :-**

| सि.नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित फर्मको नाम र ठेगाना | निर्माण व्यवसायीको इजाजत प्रदान हुन सिफारिस गरिएको फर्मको नाम , प्रोपाइटरको नाम र ठेगाना |
|---|---|---|---|
| १ | श्री सन्तोष कुमार कटुवाल, इ.न.पा.-०९, इलाम | बुद्ध निर्माण सेवा, इ.न.पा.-०९, इलाम | बुद्ध निर्माण सेवा, इ.न.पा.-०९, इलाम, प्रो. श्री सन्तोष कुमार कटुवाल, इ.न.पा.-०९, इलाम, |
| २ | श्री शिला बुढाथोकी सुवेदी, इ.न.पा.-०८, इलाम | सुलक्ष्मी निर्माण सेवा, इ.न.पा.-०८, इलाम | सुलक्ष्मी निर्माण सेवा, इ.न.पा.-०८, इलाम, प्रो. शिला बुढाथोकी सुवेदी, इ.न.पा.-०८, इलाम |
| ३ | लक्ष्मी विष्ट, इ.न.पा.-०८, इलाम | प्रान्सु कन्स्ट्रक्सन, इ.न.पा.-०८, इलाम | प्रान्सु कन्स्ट्रक्सन, इ.न.पा.-०८, इलाम, प्रो. लक्ष्मी विष्ट, इ.न.पा.-०८, इलाम |

**नामसारी तथा फर्मको नाम परिवर्तन :-**

| सि.नं. | साविकको फर्मको नाम, प्रो. नाम र ठेगाना | नामसारी हुनुपर्ने फर्मको नाम, प्रो. नाम ठेगाना | नामसारी हुन सिफारिस गरिएको फर्मको नाम, ठेगाना, प्रो.नाम र ठेगाना |
|---|---|---|---|
| १ | श्रीएस.एल. वि. एस कन्स्ट्रक्सन, इ.न.पा.-०९, इलाम, प्रो. सुशिल राई, इ.न.पा.-०९, इलाम | श्रीएम. पि. के. एस कन्स्ट्रक्सन,इ.न.पा ०९, इलाम, प्रो. संजिव राई, इ.न.पा.-० इलाम | श्रीएम. पि. के. एस कन्स्ट्रक्सन,इ.न.पा.-०९, इलाम प्रो. संजिव राई, इ.न.पा.-०९, इलाम |
| २ | श्री माइ भगवती पुरण निर्माण सेवा, इ.न.पा.-०२, प्रो. शारदा देवान | श्री चुरियामाई भगवती पुरण निर्माण सेव इ.न.पा.- ०७, प्रो. प्रभा रायमाझि, इ.न.पा.-०७ इलाम | श्री चुरियामाई भगवती पुरण निर्माण सेवा, इ.न.पा.-०७, प्रो. प्रभा रायमाझि, इ.न.पा.-०७ इलाम |

**निर्णय नं. ५**

इलाम नगरपालिका वडा नं.३ को च.नं.२५८ मिति २०८१।०९।२८, वडा नं.७ को क्रमशः च.नं.४९७ मिति २०८१।०९।२८ र वडा नं.८ को च.नं.५७२ मिति २०८१।०९।१७ को पत्रानुसार चालु आ.व.०८१/०८२ मा संचालन हुने निम्न योजनाहरु शिर्षकान्तर गरी बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

CamScanner

इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

| क्र.सं. | साविक योजनाको नाम | विनियोजित रकम | स्थानान्तरण हुनुपर्ने शिर्षक | स्थानान्तरण रकम |
|---|---|---|---|---|
| ५० | सब्जीको बीउ वितरण कार्यक्रम इलाम-३ | १,००,०००।- | टनेल वितरण कार्यक्रम | १,००,०००।- |
| ६० | पर्यटन प्रवर्द्धन कार्यक्रम इलाम-७ | ४,००,०००।- | नयाँ सडक बत्ति जडान तथा मर्मत सम्भार कार्यक्रम | २,००,०००।- |
| ३५५ | विपद् व्यवस्थापन कार्यक्रम इलाम-८ | १,००,०००।- | लैङ्गिक हिंसा, लागु औषध दुव्यसनी तथा अभिमुखिकरण कार्यक्रम | ५०,०००।- |

**निर्णय नं. ६**

चालु आ.व. को बजेट तथा कार्यक्रम अन्तर्गत लागत साझेदारीमा शीत भण्डार पूर्वाधार (कोल्ड रुम कोल्ड च्याम्बर) निर्माणको प्रस्ताव दुइ पटक आव्हान गर्दा समेत कुनै प्रस्ताव नपरेको हुँदा पुनः सूचना प्रकाशन गरि प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

इलाम नगरपालिकाबाट प्रदान गरिने पुरस्कार/सम्मान र विविध कार्यक्रम मिति २०८१ माघ ११ र इलाम नगरपालिका नगरसभाको १६ औ अधिवेशन मिति २०८१ माघ १२ गते सम्पन्न गर्ने निर्णय गरियो । माघ ११ गतेको कार्यक्रममा उत्कृष्ट कर्मचारी, उत्कृष्ट सामाजिक संघ-संस्था, घरेलु उधमी, उत्कृष्ट करदाता, खेल विधाका व्यक्तित्व, उत्कृष्ट कृषकहरु निम्नानुसारको संख्यामा नबढ्ने गरी छनौट गर्न देहाय बमोजिम छनौट समिति गठन गर्ने र छनौट समितिबाट सिफारिस भएका नामहरु आगामी कार्यपालिका बैठकमा अनुमोदनका लागि पेश गर्ने साथै नगर सभा सदस्यका लागि उपयुक्त लोगो तयारी गर्न आवश्यक व्यवस्था समेत मिलाउने निर्णय गरियो ।

**कर्मचारी तर्फ :-**

वडा कार्यालयहरुबाट-२ जना , नगर कार्यपालिकाको कार्यालयबाट अधिकृत स्तर -१, सहायक स्तर -२ र कार्यालय सहयोगी/ श्रेणीविहिन-२जना गरी जम्मा- ७ जना

छनौट समिति :- संयोजक- प्र.प्र.अ.श्री गणेश कुमार खड्का, सदस्य- शुसासन तथा संस्थागत विकास समितिका संयोजक- वडाध्यक्ष श्री गिरिराज रिजाल र सदस्य- कार्यपालिका सदस्य श्री कुमारी ल्वागुन ।

**अन्य तर्फ :-**

खेल विधा- ३ जना, उत्कृष्ट करदाता -१ जना, कृषि महोत्सवमा उत्कृष्ट मध्ये- १ जना कृषक, उत्कृष्ट कृषक- १ र स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्यमी- १ जना, उत्कृष्ट सामाजिक संघ/संस्था -१ र पत्रकार -१ जना गरी जम्मा- ९ जना

छनौट समिति :- प्रमुख, उपप्रमुख, इलाम नगरपालिकाका ५ वटा विषयगत समितिका संयोजक र प्रमुख प्रशासकीय अधिकृत र प्र.अ. बबुल भक्त राज।

CamScanner

## इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

**निर्णय नं. ८**

टेम्पोको भाडा निर्धारण कार्यदलबाट सिफारिस भएका निम्नानुसारका नयाँ स्थानहरुको भाडादर स्वीकृत गरि कार्यान्वयन गर्ने गराउने साथै इलाम नगरपालिका क्षेत्रभित्र रुट परमिट दर्ता तथा इजाजत प्राप्त नगरी अटो संचालन गर्दै आएका अटो व्यवसायीहरुको लगत संकलन गर्ने र दर्ता प्रक्रियाको लागि माइकिङ्ग गर्ने गराउने निर्णय गरियो ।

निम्न :-

| क.सं. | विवरण | प्रति व्यक्ति दर रु. | रिजर्भ (एकतर्फी) दर रु. | कैफियत |
|---|---|---|---|---|
| इलाम चोक बजार केन्द्र बिन्दु | | | | |
| १ | सेती देवी मन्दिर (भाइरल पुल) | ७५।- | २५०।- | |
| २ | तिल्केनी हुँदै माइबेनी | १००।- | ५००।- | |
| ३ | सुकिलुम्बा एयरपोर्ट | १००।- | ५००।- | |
| ४ | पुवाजुङ्ग | १००।- | ५००।- | |
| ५ | बौद्धपार्क | ८०।- | ४००।- | |
| ६ | सटके | १००।- | ५००।- | |
| ७ | फूलगाछि साजबोटे हुँदै पुवाखोला इन्टेक | १००।- | ५००।- | |
| ८ | टारगाउँ सिफफ्रिङ्ग | ८०।- | ४००।- | |

**निर्णय नं. ९**

इलामेली अटो यातायात प्रा.लि. इलामको च.नं.३५ मिति २०८१।९।२१ को पत्रबाट सहजिकरण गरिदिन अनुरोध भइ आएको हुँदा इलाम नगरपालिकाबाट दिइएको दर्ताको म्याद सकिएपछि ट्राफिक प्रहरीसँग समन्वय गरी अनुरोध पत्र बमोजिमका कार्यहरु कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

इलाम नगरपालिका, २ नं वडा कार्यालयको च.नं.२८४ मिति २०८१।०९।२८ को पत्रबाट सुम्बेक मा.वि.मा गाभिएको विक्री प्रा.वि.को पुरानो भवन भत्काउन वडा समितिको निर्णय र प्राविधिक प्रतिवेदन सहित सिफारिस भइ आए बमोजिम उक्त जिर्ण भवन भत्काउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

खानेपानी महशुलका विषयमा प्राप्त गुनासो सहितका निवेदनहरुको सम्वन्धमा स्थलगत निरिक्षण गरि पेश भएको प्राविधिक प्रतिवेदन उपर छलफल गरियो । सो प्रतिवेदनमा विभिन्न प्राविधिक त्रुटीका कारण खानेपानी महसुलको रिडिङ अंक फरक पर्न गएको कारण महसुल समायोजन गर्नु पर्ने भनि गरिएको सिफारिस व्यहोरा उल्लेख भएका निम्न धाराहरुको महसुल समायोजन तथा मिलान देहाय बमोजिम गर्न खानेपानी शाखा र राजश्व शाखालाइ निर्देशन दिने निर्णय गरियो । साथै कुनै मनासिव कारण विना खानेपानी महसुल नतिर्ने धाराधनीहरुलाई तुरुन्त महसुल बक्यौता बुझाउन १५ दिनको म्याद दिइ सूचना/माइकिङ गर्ने, सो अवधिमा नबुझाउने धाराधनिहरुलाइ ७ दिनको म्याद दिइ पत्राचार गर्ने, सो अवधिमा समेत नबुझाउने धाराधनिहरुको नामावली सार्वजनिक गरि ७ दिनको म्याद दिइ सूचना गर्ने, सो अवधिमा समेत नबुझाउने धाराहरुको लाइन काट्ने लगायतका कानुन बमोजिम कारवाही अघि बढाउने निर्णय गरियो ।

CS CamScanner

-१५-

इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

| सि.नं. | नाम, ठेगाना र धारा नं. | स्थलगत निरिक्षण गर्दाको अवस्था | निवेदकको माग | स्थलगत निरिक्षण पश्यात सिफारिस गरिएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | भक्त सिंह मुखिया , इ.न.पा.-०८ खेरलडाँडा , धारा नं- १२३२ | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्वमा लिकेज देखिएको, पाइपलाइनमा लिकेज नदेखिएको, भल्वमा लिकेज भएकोले वितरण पाइपलाइनमा रहेको हावाले विस्तारै मिटर घमाएको पाइयो। हाल समस्या नरहेको । धारामा पानी आएपछिमात्र भल्व खोल्न सल्लाह दिइएको। | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2080 चैत्र देखि 2081 मंसिर महिना सम्मको मासिक खा.पा. खपत युनिटको (क्रमश:24,25,27,27,45,44,27,16,20) प्रकृतिको आधारमा 2080 श्रावणको खपत अंक 45 , 2081 भाद्रको खपत अंक 44 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा 2081 श्रावण र भाद्रको खपत अंकलाइ 27 मान्न सकिने देखिएकोले उक्त 2 महिनाको 27 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| २ | दिनेश राई , इ.न.पा.-०८ , धारा नं- H011881 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा खानेपानी महशुल बढी आएको भनि पानी प्रयोग नगरिएको पाइयो। पाइपलाइनमा लिकेज नदेखिएको, भल्वमा लिकेज भएकोले वितरण पाइपलाइनमा रहेको हावाले मिटर घमाएर महशुल बढी आएको मान्न सकिने । हाल समस्या नरहेको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2080 फाल्गुण देखि 2081 असार महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:1,1,196,8,2,) प्रकृतिको आधारमा 2081 वैशाखको खपत अंक 196 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा 2081 वैशाखको खपत अंकलाइ 03 मान्न सकिने देखिएकोले, उक्त 2081 वैशाख महिनाको खानेपानी महशुल 03 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| ३ | शुसिला कुमारी श्रेष्ठ , इ.न.पा.- 07, धारा नं- 2314 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा गेट भल्वले राम्रो संग काम नगरेको पाइयो, पाइपलाइनमा लिकेज नदेखिएको, पानी आउनु पुर्व पाइपलाइनमा कहिलेकाँही हावा आउने जस्को कारणले मिटर हावाले पनी घुमाएको । हाल समस्या नरहेको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 जेठ देखि 2081 आश्वीन महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:29,28,47,20,14,) प्रकृतिको आधारमा 2081 श्रावणको खपत अंक 47 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा 2081 श्रावणको खपत अंकलाइ 22 मान्न सकिने देखिएकोले, उक्त 2081 श्रावण महिनाको खानेपानी महशुल 22 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| ४ | राजेन्द्र कुमार श्रेष्ठ , इ.न.पा.- 07, धारा नं- 230 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्वमा लिकेज रहेको, पाइपलाइनमा लिकेज नदेखिएको, पानी आउनु पुर्व पाइपलाइनमा हावा आउने जस्को कारणले | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2080 मंशिर देखि 2081 मंशिर महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:39,55,41,50,46,54,49,63,58,50,60,28,34) प्रकृतिको आधारमा 2080 पुसको खपत अंक 55, 2080 फाल्गुणको खपत अंक 50, 2080 चैत्रको खपत अंक 46, 2081 वैशाखको खपत अंक-54, 2081 जेठको खपत अंक 49, 2081 असारको खपत | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही |

इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

| | | | | | |
|---|---|---|---|---|---|
| | | मिटर हावाले पनी घुमाएको । हाल समस्या नरहेको । | | अंक 63, 2081 श्रावणको खपत अंक 58, 2081 भाद्रको खपत अंक 50, 2081 असोजको खपत अंक 60लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाहरुको खपत अंकहरुलाई 40 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाहरुको खानेपानी महशुल 40 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको विलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| ५ | भ्यु टावर इलाम , इ.न.पा.-07, धारा नं- 19002 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा समस्या केही नदेखिएको, पानी खोलेको समयमा हावा पनी आउने गरेको, पाइपलाइनमा लिकेज नदेखिएको, पानी आउनु पुर्व पाइपलाइनमा हावा आउने जस्को कारणले मिटर हावाले पनी घुमाएको । हाल समस्या नरहेको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2080 श्रावण देखि 2081 कार्तिक महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:81,86,59,68,94,83,72,59,120,28,36,28,39, 33,96,96,43) प्रकृतिको आधारमा 2080 श्रावणको खपत अंक ८१, 2080 भाद्रको खपत अंक 86, 2080आसोजको खपत अंक 59, 2080 कार्तिकको खपत अंक-68, 2080 मंसिरको 94, 2080 पुषको खपत अंक 83, 2080 माघको खपत अंक 72, 2080 फाल्गुणको खपत अंक 59, 2080 चैत्रको खपत अंक 120, 2081 असोजको खपत अंक 96 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाहरुको खपत अंकहरुलाई 40 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाहरुको खानेपानी महशुल 40 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको विलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| ६ | राजेन्द्र कुमार श्रेष्ठ , इ.न.पा.- 07, धारा नं- 23१ | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा सबै ठिक रहेको, पाइपलाइनमा लिकेज नदेखिएको, पानी आउनु पुर्व पाइपलाइनमा कहिलेकाँही हावा आउने जस्को कारणले मिटर हावाले पनी घुमाएको । हाल उक्त धाराको कनेक्सन तथा पाइपलाइनमा समस्या नरहेको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2080 मंशिर देखि 2081 वैशाख महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:165,1,0,0,2,0) प्रकृतिको आधारमा 2080 मंसिरको खपत अंक 165 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाहरुको खपत अंकहरुलाई 2 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाहरुको खानेपानी महशुल 2 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको विलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| ७ | नर विर चाहार, इ.न.पा.-07, धारा नं- 23811 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा पानी आउनु पुर्व हावा आउने, भल्व खुल्ला हुने गरेको, पाइपलाइनमा | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 208१ भाद्र देखि 2081 मंसिर महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:23,39,15,16,) प्रकृतिको आधारमा 208१ असोजको खपत अंक 39 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको |

CS CamScanner

# इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

| | | | | | |
|---|---|---|---|---|---|
| | | लिकेज नदेखिएको, पानी आउनु पुर्व पाइपलाइनमा कहिलेकाँही हावा आउने जस्को कारणले मिटर हावाले पनी घुमाएको । हाल समस्या नरहेको । | | अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाको खपत अंकलाई 18 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाको खानेपानी महशुल 18 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| ८ | निल ब. थापा , इ.न.पा.-09, धारा नं- 2926 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा सबै ठिक रहेको, पाइपलाइनमा लिकेज नदेखिएको, पानी आउनु पुर्व पाइपलाइनमा कहिलेकाँही हावा आउने जस्को कारणले मिटर हावाले पनी घुमाएको । मिटर परिवर्तन पनि गरिएको। हाल समस्या नरहेको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2080 पुस देखि 2081 कार्तिक महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:46,3,3,4,5,11,16,25,0,12,0) प्रकृतिको आधारमा 2080 पुसको खपत अंक 46, 2081 असारको खपत अंक 16, 2081 श्रावणको खपत अंक 25, 2081 असोजको खपत अंक 12 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाको खपत अंकलाई 8 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाहरुको खानेपानी महशुल 8 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| ९ | मिझ्मा फुटि भोटे, इ.न.पा.-09, धारा नं-392 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्वमा लिकेज हुने समस्या रहेको, पाइपलाइनमा लिकेज नदेखिएको, पानी आउनु पुर्व पाइपलाइनमा कहिलेकाँही हावा आउने जस्को कारणले मिटर हावाले पनी घुमाएको । मिटर परिवर्तन पनि गरिएको। हाल समस्या नरहेको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 श्रावणदेखि 2081 मंसिर महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:115,79,17,26,34) प्रकृतिको आधारमा 2081 श्रावणको खपत अंक 115, 2081 भाद्रको खपत अंक 79 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाहरुको खपत अंकलाई 25 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाको खानेपानी महशुल 25 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| १० | रुद्र कुमारी सिजापती , इ.न.पा.-06, धारा नं- 2651 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा सबै ठिक रहेको, पाइपलाइनमा लिकेज नदेखिएको तर भल्वको कनेक्सनमा लिकेज भएको पाइयो। हावाले मिटर घुमाइ बढी महशुल आएको मान्न सकिने। | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2080 माघ देखि 2081 मंसिर महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:12,10,13,37,57,64,72,27,47,30,40) प्रकृतिको आधारमा 2081 बैशाखको खपत अंक 37, 2081 जेठको खपत अंक 57, 2081 असारको खपत अंक 64, 2081 श्रावणको खपत अंक 72, 2081 असोजको खपत अंक 47 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाको खपत अंकलाई 22 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाहरुको खानेपानी महशुल 22 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |



CamScanner

इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नै महशुल असुल गर्नपर्ने देखिएको। | |
| ११ | मेनुका राया , इ.न.पा.-06, धारा नं- 3539 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा, पाइपलाइनमा लिकेज नदेखिएको तर भल्वको कनेक्सनमा लिकेज भएको पाइयो। भल्व परिवर्तन गरिएको। हाल समस्या नभएको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 श्रावण देखि 2081 मंसिर महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:41,23,4,1,1) प्रकृतिको आधारमा 2081 श्रावणको खपत अंक 41, 2081 भाद्रको खपत अंक 23 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाहरुको खपत अंकलाई 8 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाको खानेपानी महशुल 8 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| १२ | सुकमाया राई , इ.न.पा.-06, धारा नं- 3247 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्व खराब भइ पानी गइरहेको पाइयो। पाइपलाइनमा लिकेज नदेखिएको तर भल्वको कनेक्सनमा लिकेज भएकोले खपत अंक बढी आएको मात्र सकिने। भल्व परिवर्तन गरिएको। हाल समस्या नभएको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 असार देखि 2081 मंसिर महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:12,19,26,43,18,12) प्रकृतिको आधारमा 2081 भाद्रको खपत अंक 26, 2081 असोजको खपत अंक 43 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाको खपत अंकलाई 15 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाहरुको खानेपानी महशुल 15 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| १३ | प्रज्ञा सदन आवासिय मा.वि. , इ.न.पा.-06, धारा नं- 1745 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्व खराब भएको र मिटर जाम रहेको पाइयो । पाइपलाइनमा लिकेज नदेखिएको तर भल्वको कनेक्सनमा लिकेज भएकोले खपत अंक बढी आएको मात्र सकिने। भल्व र मिटर परिवर्तन गरिएको। हाल समस्या नभएको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 असार देखि 2081 मंसिर महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:0,116,136,48,79,36) प्रकृतिको आधारमा 2081 श्रावणको खपत अंक 116, 2081 भाद्रको खपत अंक 136, 2081 कार्तिकको खपत अंक 79 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाको खपत अंकलाई 28 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाहरुको खानेपानी महशुल 28 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| १४ | हेगेन्द्र बिक्रम थेबे , इ.न.पा.-08, धारा नं- 1926 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्व लिकेज भएको पाइयो । पाइपलाइनमा लिकेज नदेखिएको तर भल्वको कनेक्सनमा लिकेज भएकोले खपत अंक बढी आएको मात्र | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 श्रावण देखि 2081 मंसिर महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:22,43,25,14,17) प्रकृतिको आधारमा 2081 भाद्रको खपत अंक 43, 2081 असोजको खपत अंक 25 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाहरुको खपत अंकलाई 17 युनिट मान्न सकिने देखिएकोले, उक्त | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सकिने। भल्व परिवर्तन गरिएको। हाल समस्या नभएको । | | महिनाको खानेपानी महशुल 17 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| १५ | भिम बहादुर तामाङ , इ.न.पा.-06, धारा नं- 2225 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्व लिकेज भएको पाइयो ।मिटरमा समस्या नरहेको। पाइपलाइनमा लिकेज नदेखिएको तर भल्वको कनेक्सनमा लिकेज भएकोले खपत अंक बढी आएको मान्न सकिने। भल्व परिवर्तन गरिएको। हाल समस्या नभएको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 भाद्र देखि 2081 मंसिर महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:9,23,9,42,) प्रकृतिको आधारमा 2081 मंसिरको खपत अंक 42 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाको खपत अंकलाई 13 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाको खानेपानी महशुल 13 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |
| १६ | सुजता राई , इ.न.पा.- 05, धारा नं- 3620 | मिटर, भल्व तथा कनेक्सन चेकजाँच गर्दा भल्व लिकेज भएको पाइयो ।मिटरमा समस्या नरहेको। पाइपलाइनमा लिकेज नदेखिएको तर भल्वको कनेक्सनमा लिकेज भएकोले खपत अंक बढी आएको मान्न सकिने। भल्व परिवर्तन गर्नुपर्ने देखिएको। हाल समस्या नभएको । | खानेपानी महशुल सम्बन्धमा तथा मिटर चेकजाँच | निवेदकको 2081 वैशाख देखि 2081 श्रावण महिना सम्मको मासिक खा.पा. युनिटको (क्रमश:6,54,12,3,) प्रकृतिको आधारमा 2081 जेठको खपत अंक 54 लाइ अस्वभाविक मान्न सकिने देखिएकोले अन्य महिनाको खा.पा. खपत अंकको आधारमा उक्त अस्वभाविक मानिएका महिनाको खपत अंकलाई 7 युनिट मान्न सकिने देखिएकोले, उक्त महिनाको खानेपानी महशुल 7 युनिट अनुसार महशुल असुल गर्न सकिने र हालसम्मको महिनाहरुको बिलम्ब शुल्क नलि अन्य मासिक खा.पा. महशुल वास्तविक रिडिङ्ग अनुसार नै महशुल असुल गर्नपर्ने देखिएको। | नयाँ प्रणालीको खानेपानी वितरणको बिहान/बेलुका सुरुवातमा पाइपलाइनमा हावा आउने गरेको कारणले उक्त अंकहरु उठेको । कहिलेकाँही पाइपलाइन खाली भएको बेला हाल पनि हावाले मिटर घुमाउन सक्ने। |

निर्णय नं. १२

यस कार्यालयको मिति २०८१।८।१६ गते प्रकाशित सूचना वमोजिम निवेदन दर्ता भई तहबृद्धिको लागि पेश भएका १० जना कर्मचारीहरुको मिति २०८१।९।१८ को तहबृद्धि सिफारिस समितिको निर्णयबाट तहबृद्धिका लागि सिफारिस भएका निम्न कर्मचारीहरुलाई तहवृद्धि गर्ने निर्णय गरियो ।

निम्न :-

| क्र.सं. | कर्मचारीको नाम थर (संकेत नं.) | साविकको पद/तह | सेवा , समूह | तहबृद्धि भएको पद र तह |
|---|---|---|---|---|
| १ | ऋषभ न्यौपाने (२३५६६४) | अधिकृत सातौं | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृत आठौं |
| २ | क्षितिज दहाल (२३६२४२) | इन्जिनियर (अधिकृतस्तर सातौं) | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | अधिकृत आठौं |
| ३ | रविन्द्र घिमिरे (२३६४९३) | सहायक पाँचौं | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | रामचन्द्र नेपाल (२३६५५२) | सहायक पाँचौं | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं |
| ५ | विष्णु प्रसाद भट्टराई (२३५५४२) | सहायक पाँचौं | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं |
| ६. | सविता घिताल (२३७८३६) | सहायक पाँचौं | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृत छैठौं |
| ७. | चम्पादेवी दुलाल (१७५७८४) | सि.अ.न.मी (सहायक पाँचौं) | स्थानीय स्वास्थ्य/ प.हे.न. | सि.अ.न.मी निरिक्षक/ अधिकृत छैठौं |
| ८. | जनक कुमारी थापा (२०८८८६) | सि.अ.न.मी. (सहायक पाँचौं) | स्थानीय स्वास्थ्य/ प.हे.न. | सि.अ.न.मी निरिक्षक/ अधिकृत छैठौं |
| ९. | कृष्ण कुमारी सुवेदी (२०७५४९) | सि.अ.न.मी (सहायक पाँचौं) | स्थानीय स्वास्थ्य/ प.हे.न. | सि.अ.न.मी निरिक्षक/ अधिकृत छैठौं |
| १०. | श्रीनारायण साह (२०५२८३) | वरिष्ठ वैद्य (सहायक पाँचौं) | स्थानीय स्वास्थ्य/आयुर्वेद | वैद्य निरिक्षक/अधिकृत छैठौं |

**निर्णय नं. १३**

पूर्वाधार विकास समितिबाट प्राप्त प्रतिवेदन सहितको सिफारिस बमोजिम देहायका घरधनीका घरलाई देहाय अनुसार प्रमाण-पत्र उपलब्ध गराउने निर्णय गरियो ।

| सि.न. | निवेदक | स्थलगत विवरण | निर्णय हुन सिफारिस |
|---|---|---|---|
| १ | हरी कुमार र किस्न माया श्रेष्ठ र इ.न.पा. ७ कि.नं. २/ख ५४५, क्षेत्रफल ०-८-१-२ जग्गा ३ तल्ला भवन निर्माण सम्पन्न गरी मिति २०८१/०७/०८ मा निर्माण सम्पन्नको लागि पेश भएको | • मिति२०६०/०९/३० मा ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको २ (दुई) तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १४१.८७ व.मि. भएको भक्त बहादुर श्रेष्ठको नाममा नक्सापास गरि दिएको ।<br>• २०८१/०७/०८ मा ३ (तीन) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १७०.८१ व.मि. भएको संसोधित As Built नक्सा निर्माण सम्न्नको लागि पेश भएको ।<br>• सडक अधिकार क्षेत्र (सडकको केन्द्रबाट ३.० मिटर) र सेटव्याक १.५० मिटर) सहित (सडक तर्फ) ४.५० मिटर छोड्नु पर्नेमा ३.० मिटर मात्र छोडी निर्माण भएको ।<br>• हालको मापदण्ड अनुसार साईड मार्जिन पालना नभएको<br>• नेपाल राष्ट्रिय भवन संहिता पालना नभएको। | • विकास निर्माण मापदण्ड बमोजिम सेटव्याक, साईड मार्जिनर भवन संहिता पालना नभएको भएतापनि,<br>• स्थलगत सर्जमिन मुचुल्का गर्नुपर्ने ।<br>• आवश्यक परेको समय/अवस्थामा सडक अधिकार क्षेर र सेटव्याकमा परेको भाग घरधनी आफैंले भत्काउने कबुलियतनामा गराउने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षती समेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने ।<br>• पेश भए अनुसार ३ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १७०.८१ व.मि. मध्ये स्वीकृत इजाजत १४१.८७ व.मि. को इलाम नगरपालिकाको १५ औं नगरसभाको नक्सापास दस्तुर सम्बन्धि निर्णयानुसार नियमित शुल्क रु १२५ को १.२ गुणा रु १५० प्रति व.मि. को दरले रु २१२८०.५०/-, थप क्षेत्रफल २८.९४ व.मि. को अभिलेखिकरण शुल्कको १.२ गुणा रु २४६ प्रति व.मि. को दरले रु ७११९.२५ र फिल्ड भेरिफिकेशन शुल्क रु २०००/- गरी जम्मा हुन आउने रु ३०३९९.७५ शुल्क लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |

इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

| | | | |
|---|---|---|---|
| २ | मिन बहादुर गुरुङ, इ.न.पा. ७ कि.नं. १०५५ र १०५८, क्षेत्रफल ०-५-३-१ जग्गामा ४ तल्ला भवन निर्माण सम्पन्न गरी मिति २०८०/०९/२२ मा भवन निर्माण सम्पन्नको लागि पेश भएको । | • मिति २०६२/०५/३० मा ढुंगा ईंटाकोगारो सिमेन्टको जोडाईमा आर.सि.सि.स्ल्याब भएको ३ (तीन) तला भवनको प्लिन्थ क्षेत्रफल २४८.९० व.मि. भएको भवनको नक्सापास गरिदिएको ।<br>• मिति २०८०/०९/२२ मा संसोधन नक्सा सहित ४ (पाँच) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ३०२.३९ व.मि भएकोAs Built नक्सा निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• निर्माण सम्पन्न भवनको जग्गाको नापी नक्सा र भोगचलनमा फरक परेको देखिएको ।<br>• सडक अधिकार क्षेत्र (सडकको केन्द्रबाट ४.० मिटर) र सेटव्याक (१.५० मिटर) सहित (सडक तर्फ) ५.५० मिटर छोड्नु पर्नेमा ३.२० मिटर मात्र छोडी निर्माण भएको ।<br>• नेपाल राष्ट्रिय भवन संहिता पालना नभएको। | • विकास निर्माण मापदण्ड बमोजिम, सडक अधिकार, सेटब्याक, नापी नक्सा र भोगचलनमा फरक देखिएकोर भवन संहिता पालना नभएको भए तापनि,<br>• स्थलगत सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• नापी नक्सा र भोगचलनमा फरक परेको कारणले भविष्यमा उत्पन्न हुनेसक्ने क्षती आपसमा बेहोर्न मन्जुर हुने साथै उजुर परेमा साविक नापी नक्सा अनुसार कायम रहने गरी घरधनी र संधियारहरु बीच कबुलियतनामा गराउने।<br>• आवश्यकपरेको समय/अवस्थामा सडक अधिकार क्षेर र सेटव्याकमा परेको भाग घरधनी आफैले भत्काउने कबुलियतनामा गराउने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने ।<br>• पेश भए अनुसार ४ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ३०२.३९ व.मि. इलाम नगरपालिकाको १५ औं नगरसभाको नक्सापास दस्तुर सम्बन्धी निर्णयानुसार स्वीकृत इजाजत २४८.८८ व.मि.को नियमित शुल्क रु १३५ को १.२ गुणा रु १६२.०० प्रति व.मि. को दरले रु ४०३१८.५६/-, थप क्षेत्रफल ५३.५० व.मि. को अभिलेखिकरण शुल्कको १.२ गुणा रु ३६६.० प्रति व.मि. को दरले रु १९५८१.०, र फिल्ड भेरिफिकेशन शुल्क रु २५००/- गरी जम्मा हुन आउने रु ६२३९९.५६शुल्क लिईविकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |

CamScanner

इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

| | | | |
|---|---|---|---|
| ३ | रजनी लिम्बु, इ.न.पा. ६ कि.नं. ८/ख ६५० क्षेत्रफल ०-७-१-१ ३ तल्ला निर्माण सम्पन्न गरी मिति २०८१/०८/१२ मा अभिलेखिकरण को लागि पेश भएको । | • मिति२०८१/०८/१२ मा ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि. स्ल्याब भएको ३ (तीन) तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १४८.२० व.मि. अभिलेखकरणको लागि पेश भएको ।<br>• सडक अधिकार क्षेत्र सडकको केन्द्रबाट (२.० मिटर) र सेटव्याक (१.५० मिटर) सडक तर्फ ३.५० मिटर छोड्नुपर्नेमा २.१५ मिटर मात्र छोडी निर्माण भएको ।<br>• सेटव्याक र साईड मार्जिन हालको विकास निर्माण मापदण्ड अनुरुप नभएको।<br>• हालको नेपाल राष्ट्रिय भवन संहिता पालना नभएको। | • हालको विकास निर्माण मापदण्ड अनुरुप सेटव्याक, साइड मार्जिनर नेपाल राष्ट्रिय भवन संहिता पालना नभएको भएतापनि,<br>• संधियारको नाममा १५ दिने सूचना प्रकाशित गरीसरजमिन गर्नुपर्ने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षती समेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने ।<br>• आवश्यक परेको समय/अवस्थामा सेटव्याकमा परेको भाग घरधनी आफैले भत्काउने कबुलियतनामा गराउने।<br>• संधियार आफै वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• पेश भए अनुसार ३ (तीन) तला भवनको जम्मा प्लिन्थक्षेत्रफल १४८.२०व.मि. आर.सि.सि. फ्रेमस्ट्रक्चर इलाम नगरपालिकाको १५ औंनगरसभाकोनक्सापास दस्तुर सम्बन्धि निर्णयानुसार अभिलेखिकरण शुल्कको १.५ गुणा रु ३०७.५०/- प्रति व.मि. को दरले रु४५५७१.५० र फिल्ड भेरिफिकेशन शुल्क रु २०००/- गरी जम्मा हुन आउने रु ४७५७१.५०शुल्क लिईविकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |
| ४ | नारददेवी चौलागाई,इ.न.पा . ९ कि.नं. ३/क१९७५ क्षेत्रफल ०-८-०-०भएको २ (दुई) तल्लाभवनको जम्मा प्लिन्थ क्षेत्रफल १५१.९३ व.मि. मिति २०८१/०८/१२ मा निर्माण सम्पन्नको लागि पेश भएको। | • मिति२०७०/०६/०७ मा ढुंगा ईंटा सिमेन्टको जोडाई आर.सि.सि. स्ल्याव भएको १ (एक) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ७१.५५ व.मि. प्लिन्थ लेबल निर्माण इजाजत जारी भएको ।<br>• मिति २०८१/०८/१२ मा संसोधित नक्सा सहित २ (दुई) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १५१.९३ व.मि. As Built नक्सा पेश भएको ।<br>• सडक अधिकार क्षेत्र (सडकको केन्द्रबाट २.० मिटर) र सेटव्याक (१.५० मिटर) सहित (सडक तर्फ) ३.५० मिटर छोड्नु पर्नेमा २.१८ मिटर मात्र छोडी निर्माण भएको<br>• सेट व्याक हालको विकास निर्माण मापदण्ड अनुरुप नभएको ।<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना नभएको। | • हालकोविकास निर्माण मापदण्ड अनुरुप सेटव्याक, साइड मार्जिनर नेपाल राष्ट्रिय भवन संहिता पालना नभएको भएतापनि,<br>• संधियारको नाममा १५ दिने सूचना प्रकाशित गरी सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• आवश्यक परेको समय/अवस्थामा सेटव्याकमा परेको भाग घरधनी आफैले भत्काउने कबुलियतनामा गराउने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षती समेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने ।<br>• पेश भए अनुसार ३ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १५१.९३ व.मि.ढुंगा ईंटा सिमेन्टको जोडाई आर.सि.सि./कर्कटपाताकोछाना भएको भवनको इलाम नगरपालिकाको १५ औं नगरसभाको नक्सापास दस्तुर सम्बन्धि निर्णयानुसार स्वीकृत इजाजत ७१.५५ व.मि. को नियमित शुल्कको १.५ गुणा रु १८७.५० प्रति व.मि. को दरले रु १३४१५.६०, थप क्षेत्रफल आर.सी.सी. स्ल्याव २८.७५ व.मि. को अभिलेखिकरण शुल्कको १.२ गुणा गुणा रु २४६.०/- प्रति व.मि. को दरले ७०७२.५०/-, थप |

CS CamScanner

| | | | |
|---|---|---|---|
| | | | क्षेत्रफल कर्कटपाताको छाना ५१.६३ व.मि. को अभिलेखिकरण शुल्कको १.२ गुणा रु १३८.० प्रति व.मि. को दरले रु ७१२४.९४ र फिल्ड भेरिफिकेशन शुल्क रु २०००/- गरी जम्मा हुन आउनेरु २९६१३.०७ शुल्क लिई विकास निर्माण (पाँचौं संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |
| ५ | जमुना लामिछाने, इ.न.पा. ६ कि.नं. ८/ख१०४९ क्षेत्रफल ०-५-०-०भएको ३ (तीन) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १७४.३६ व.मि. निर्माण सम्पन्नको लागि पेश भएको। | • मिति २०७५/११/०२ मा कमला देवी पराजुली दाहालको नाममाबाट जमुना लामिछानेको नाममा निर्माण कार्य सम्पन्न प्रमाण पत्र नामसारी भएको १ तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल ५९.६५ व.मि. । मिति २०८१/०८/१२ मा ढुंगा ईंटा सिमेन्टको जोडाई आर.सि.सि./ कर्कटपाताको छाना भएको ३ (तीन) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १७४.३६ व.मि.As Built नक्सा निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• साईड मार्जिन हालको विकास निर्माण मापदण्ड अनुरुप नभएको ।<br>• नेपाल राष्ट्रिय भवन संहिता २०६० पालना नभएको। | • हालको विकास निर्माण मापदण्ड अनुरुप साइड मार्जिनर नेपाल राष्ट्रिय भवन संहिता पालना नभएको भएतापनि,<br>• संधियारको नाममा १५ दिने सूचना प्रकाशित गरी सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• आवश्यक परेको समय/अवस्थामा सेटव्याकमा परेको भाग घरधनी आफैले भत्काउने कबुलियतनामा गराउने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षती समेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने ।<br>• पेश भए अनुसार ३ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १७४.३६ व.मि. ढुंगा ईंटा सिमेन्टको जोडाई आर.सि.सि. स्ल्याब भएको भएको भवनको इलाम नगरपालिकाको १५ औं नगरसभाको नक्सापास दस्तुर सम्बन्धि निर्णयानुसार थप आर.सी.सी. क्षेत्रफल ५५.७ व.मि. को अभिलेखिकरण शुल्कको १.२ गुणा रु २४६.०० प्रति व.मि. को दरले रु १३७०२.२०/-, थप क्षेत्रफल कर्कटपाताको छाना ५९.०१ व.मि. अभिलेखिकरण शुल्कको १.२ गुणा रु १६२.०० प्रतिव.मि. को दरले रु ९५५९.६०/- र फिल्ड भेरिफिकेशन शुल्क रु २०००/- गरी जम्मा हुन आउनेरु २५४६१.८०/- शुल्क लिई विकास निर्माण (पाँचौं संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |



CamScanner

इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

| | | | |
|---|---|---|---|
| ६ | शुशिला देवी घिमिरे, इ.न.पा. ७ कि.नं. २/ख ८८२ र ८४३, क्षेत्रफल ०-८-०-० जग्गामा २ तल्ला भवन निर्माण सम्पन्न गरी मिति २०८०/०६/११ मा भवन निर्माण सम्पन्नको लागि पेश भएको । | • मिति २०५६/०७/१२ मा ढुंगा ईंटाको गारो सिमेन्टको जोडाईमा आर.सि.सि.स्ल्याब भएको १ (एक) तलाभवनको प्लिन्थ क्षेत्रफल ७०.७६ व.मि. भएको भवनको विश्वनाथ उपाध्यायको नाममा नक्सापासको अस्थायी इजाजत जारी भएको ।<br>• मिति २०७८/०७/२९ मा उक्त घरजग्गा शुशिला देवी घिमिरेको नाममा मृत्युपछिको नामसारी भई आएको ।<br>• मिति २०८०/०६/११ मा संसोधन नक्सा सहित २ (दुई) तल्ला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १५६.४६ व.मि भएको As Built नक्सा निर्माण सम्पन्नको लागि पेश भएको ।<br>• हालको मापदण्ड अनुसार साईड मार्जिन पालना नभएको<br>• नेपाल राष्ट्रिय भवन संहिता पालना नभएको। | • विकास निर्माण मापदण्ड बमोजिम साईड मार्जिनर भवन संहिता पालना नभएको भएतापनि,<br>• स्थलगत सरजमिन मुचुल्का गर्नुपर्ने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने।<br>• संधियार आफैं वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• पेश भएअनुसार २ तला भवनको जम्मा प्लिन्थ क्षेत्रफल १५६.४६ व.मि.इलाम नगरपालिकाको १५ औं नगरसभाको नक्सापास दस्तुर सम्बन्धि निर्णयानुसार स्वीकृत इजाजत ७०.७८ व.मि.को नियमित शुल्क रु १२५ को १.२ गुणा रु १५०.०० प्रति व.मि. को दरले रु १०६१७.०/- थप क्षेत्रफल ८५.६८ व.मि. मध्ये आर.सि.सि./स्ल्याब ५२.४० व.मि. को अभिलेखिकरण शुल्कको १.२ गुणा रु २४६/- प्रति व.मि. को दरले रु १२८९०.४०, आर.सि.सि. पीलर/कर्कटपाता छाना ३३.२८ व.मि. को अभिलेखिकरण शुल्कको १.२ गुणा रु १३८.०/- प्रति व.मि. को दरले रु ४५९२.६४ र फिल्ड भेरिफिकेशन शुल्क रु २०००/- गरी जम्मा हुन आउने रु ३०१००.०० शुल्क लिई विकास निर्माण (पाँचौ संसोधन) मापदण्ड २०८० को अनुसुची १४ अनुसारको भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाण पत्र प्रदान गर्ने । |

**निर्णय नं. १४**

इलाम नगरपालिकाका उप-प्रमुखबाट पेश भएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरियो । साथै मिति २०८१/०७/०८ गते बसेको उपप्रमुख उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालन तथा व्यवस्थापन बैठकबाट पारित भई कार्यपालिकाबाट स्वीकृत भएको *बाती बनाउने तालिम संचालन रु. १,०१,५००।००* र *बेसार, कोदो,फापर पिसानी उद्योग-१,००,०००।००* को कार्यक्रमलाई संशोधन गरी स्थानीय रैथाने बालीमा आधारित मौलिक परिकार सम्बन्धी सीप विकास तालिम रु.२,०१,५००।०० संचालन गर्नका लागि सम्बन्धित शाखाबाट कार्यक्रम प्रस्ताव तयार गरी तत्सम्बन्धी प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. १५**

संघीय सरकार र प्रदेश सरकारबाट इलाम नगर क्षेत्र भित्र चालु आर्थिक बर्षमा संचालन गरिने आयोजनाहरुको सूची पूर्वाधार विकास शाखाबाट तयार गर्न लगाइ उक्त आयोजना कार्यान्वयन गर्ने निकायहरु समेतको प्रतिनिधित्व रहने गरि कार्यान्वयन सहजीकरण समिति गठनको प्रकृया अघि बढाउने निर्णय गरियो ।



CamScanner

इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

निर्णय नं. १६

इलाम नगरपालिकाको चालु आर्थिक बर्षको बजेट तथा कार्यक्रम अन्तर्गतका संघीय तथा प्रदेश समपुरक र नगर गौरवका योजनाहरुको विवरण खुलाएर अनुगमनको लागि श्री जिल्ला समन्वय समिति इलामलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

लागत न्यूनीकरण, पूर्वाधारहरुको सह प्रयोग तथा कार्यान्वयन प्रभावकारिताका लागि इलाम नगरपालिकाले सीमा क्षेत्रका अन्य स्थानीय सरकारहरु संगको साझेदारीमा संचालन गर्न उपयुक्त र संभाव्य देखिएका देहायका पूर्वाधार निर्माण आयोजनाहरुलाइ अन्तर सरकार साझेदारीमा संचालन गर्न सकिने आयोजनाहरुका रुपमा पहिचान गरि उक्त आयोजनाहरुको कार्यान्वयनका लागि सम्बन्धित स्थानीय सरकारहरु संग समन्वय, सहकार्य र छलफल गर्न देहाय बमोजिमको संयुक्त समिति गठनको प्रकृया अघि बढाउने निर्णय गरियो ।

१. पुवाखोला बजार भित्ते हुदै सातखाल्डे जाने
२. निसान पदमार्ग निर्माण- माइजोगमाईसँग
३. बिल्ल्याँटे छाँगे रुलुक प्याङ सन्दकपुर सडक
४. बिल्ल्याँटे रिब्स सुम्बेक सन्दकपुर सडक
५. दारी भन्ज्याङ जिरे सन्दकपुर सडक
६. बाघखोर धामी डाँडा देउराली सन्दकपुर सडक
७. नास्पाति गोलाइ निवाधारी छाँगे सन्दकपुर सडक
८. रामजानकी छाँगे बिक्रीटारी सडक
९. चुरेघाँटी तोरीवारी फुटुक देउमाइ -६ सडक देउमाई
१०. घट्टा देखि चुम्माङ लक्ष्मीपुर सडक- सूर्योदय

संयुक्त समिति :-

क) दुबै स्थानीय सरकारका प्रमुख/ अध्यक्ष
ख) प्रमुख प्रशासकीय अधिकृत
ग) सदस्य सचिव- प्रशासन शाखा प्रमुख

निर्णय नं. १८

इलाम नगरपालिका बरबोटे स्थित श्री अमर माध्यमिक विद्यालयको च.नं. ४८ मिति २०८१।०९।१४ गतेको कार्यक्रम स्वीकृति सम्बन्धी पत्रबाट प्राप्त भएको नमूना विद्यालय विकास कार्यक्रमको गुरुयोजनाका आधारमा विद्यालयले पेश गरेको आ.व.२०८१।०८२ को बार्षिक कार्यान्वयन योजना स्वीकृत गर्ने साथै श्री अमर मा.वि.बरबोटेलाई प्रचलित कानुन बमोजिम वडा शिक्षा समितिसँग समन्वय गरि कार्य गर्न लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. १९

राष्ट्रिय सतर्कता केन्द्रको च.नं.सू.१४/१३७९ मिति २०८१/०८/२३ को निम्न सुझाव निर्देशन पालनाको लागि आवश्यक व्यवस्था गर्ने।

१. नगरपालिकामा भारतीय सहयोग सहित छ करोड रुपैयामा निर्मित कोल्ड स्टोर (शीत भण्डार) प्रयोगमा नआएको सम्बन्धमा :-

- सार्वजनिक खरिद गर्दा Feasibility Study गरेर मात्र गर्नु/गराउनु हुन,
- आवश्यक कानून/कार्यविधि बनाई संचालन गर्न ।

CamScanner

इलाम नगरपालिका छैठौं कार्यपालिका बैठकको निर्णय मिति २०८१/०९/२९

२. आखाँ अस्पतालमा रु.१ करोड बीस लाखमा खरिद गरिएका उपकरण थन्काई राखेको सम्बन्धमा :-

- आवश्यक पर्ने भवन तथा कोठाको व्यवस्था गरी उपकरण प्रयोगमा तत्काल ल्याउनु हुन,
- यस्ता प्रकृतिको सामग्रीहरु/उपकरण खरिद गर्दा आवश्यक पूर्वाधार नभई खरिद नगर्नु/नगराउनु हुन ।

निर्णय नं. २०

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौंको च.नं.२३६४८ मिति २०८१/०८/०४ को सुझाव कार्यान्वयन सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ का प्रावधानहरुलाई अक्षरशः पालना गर्ने गराउने निर्णय गरियो।

निर्णय नं. २१

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच साना सिंचाई कार्यक्रम (प्रथम र दोश्रो चरण) कार्यान्वयनका लागि भएको द्विपक्षीय सम्झौता बमोजिम इलाम नगरपालिकामा आ.व.२०७६/७७ देखि सञ्चालनमा रहेको साना सिंचाइ कार्यक्रम (दोश्रो चरण) को समयावधी १५ जुलाइ २०२५ मा सम्पन्न हुँदै गरेको र उक्त कार्यक्रमबाट इलाम नगरपालिकाको कृषिजन्य उत्पादन तथा उत्पादकत्व वृद्धिमा उल्लेख्य सहयोग पुगेको र अझै धेरै सिंचाइ योजनाहरु कार्यान्वयन गर्न बाँकी नै रहेकोले उक्त कार्यक्रमको निरन्तरताका लागि स्वीस सरकार, संघीय सरकार, प्रदेश सरकार तथा अन्य सम्बन्धित निकायहरुमा लेखि पठाउने ।

निर्णय नं. २२

इलाम नगरपालिकामा भ्रमण गर्ने पर्यटकहरुलाइ इलाम नगर क्षेत्र भित्र उत्पादित चिया पिउने अवसर प्रदान गरि चियाको प्रचार प्रसार तथा प्रबर्द्धनमा टेवा पुर्याउन Tea testing center संचालन गर्न इच्छुक पक्षलाइ अर्को व्यवस्था नभए सम्मका लागि सिटिमार्टमा खाली रहेको एउटा कोठा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २३

इलाम नगरपालिका वडा नं.४ र ५ को सीमा पर्ने बरबोटे छ्यारछ्यारे क्षेत्रमा शहरी खानेपानी आयोजनाको पाइपलाइनबाट करिब २६ घरधुरीहरुले निःशुल्क खानेपानी उपभोग गर्दै आएकोमा उक्त घरधुरीहरुमा धारा तथा मिटर जडान गरी खानेपानी वितरण गरेर महसुल असुल गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं २४

राजश्व परामर्श समितिको मिति २०८१।०९।०९ को परामर्श बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि तयार गरिएको प्रतिवेदन उपर छलफल भइ अनुमोदन गर्ने निर्णय गरियो ।